प्रति साधारण शेयर रु.१००/– अङ्कित दरको ६५,७६,५६७.७६ कित्ता साधारण शेयरहरुको हकप्रद निष्काशन

कम्पनीको चुक्ता पूँजी रु.१,८५,०८,७८,२३१/– (अक्षररुपी एक अर्ब उनान्नब्बे करोड आठ लाख अठहत्तर हजार दुई सय एकतीस रुपैयाँ मात्र) बराबरको प्रति शेयर रु.१००/– अंकित दरका १,८५,०८,७८२.३१ (एक करोड उनान्नब्बे लाख आठ हजार सात सय बयासी दशमलब एकतीस) कित्ता साधारण शेयरको ३४.७८३ प्रतिशतले हुन आउने रु.६५,७६,५६,७७६/– रकम बराबरको १०:३.४७८३ को अनुपातमा अर्थात विद्यमान १० कित्ता शेयर बराबर नयाँ ३.४७८३ कित्ता शेयर प्रति शेयर रु.१००/– अंकित दरमा कूल ६५,७६,५६७.७६ कित्ता साधारण शेयरहरु साविकका शेयरधनीहरुको लागि हकप्रद शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

नोट : कम्पनीको मिति २०८१/०२/०४ मा बसेको विशेष साधारण सभाबाट कायम रहेको चुक्ता पूँजी रु.१,६४,४२,४१,९४०/- को १० शेयर बराबर ४ शेयर (४० प्रतिशत) ले हुन आउने रु.६५,७६,९६,७७६/- रकम बराबरको रु. १०० अंकित दरका ६५,७६,९६७.७६ कित्ता हकप्रद शेयर जारी गर्न विशेष प्रस्ताव पारित भएकोमा कम्पनीको मिति २०८१/१२/१९ गते सम्पन्न ७६ औं वार्षिक साधारण सभाबाट कायम रहेको चुक्ता पूँजी रु.१,६४,४२,४१,९४०/- को १५ प्रतिशत बोनस शेयर पारित भई (बोनस शेयर जारी गरे पश्चात हुने चुक्ता पूँजी अनुसार हकप्रद शेयर प्रतिशत समायोजित) चुक्ता पूँजी रु.१,८९,०८,७८,२३१/- कायम भइसकेको हुँदा सोही बमोजिम कूल चुक्ता पूँजीको ३४.७८३ प्रतिशत अर्थात् रु.६५,७६,९६,७७६/- बराबरको १०० अंकित दरका ६५,७६,९६७.७६ कित्ता हकप्रद शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

दरखास्त साथ प्रति साधारण शेयर रु.१००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०८२/०२/०७ गते । कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको मिति : २०८२/०२/१४ गते
नेपाल बिमा प्राधिकरणबाट हकप्रद शेयर निष्काशन सम्बन्धी सैद्धान्तिक स्वीकृति प्राप्त गरेको मितिः २०८१/०१/१२ गते

१) सङ्गठित संस्थाको नाम : नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड [Nepal Insurance Company Limited.]

२) सङ्गठित संस्थाको रजिष्टर्ड कार्यालय :
यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २८ (साविकको वडा नं. ३१) कमलादी, काठमाण्डौमा रहेको छ ।

३) कारोबार स्थान :
यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा. २८, कमलादी, काठमाण्डौमा रहेको छ । नेपाल बीमा प्राधिकरणको स्वीकृति लिई नेपाल राज्य भित्र वा विदेशमा आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ । यस कम्पनीले हालसम्म निम्न स्थानहरुमा शाखा/उपशाखा कार्यालय तथा सेवा केन्द्रहरु खोली कारोबार सञ्चालन गर्दै आइरहेको छ ।

क. रजिष्टर्ड/प्रधान कार्यालय

क्र.सं.	कार्यालयको नाम र स्थान
१	प्रधान कार्यालय, का.म.न.पा.वडा २८, कमलादी, काठमाण्डौं ।

ख. प्रादेशिक कार्यालय

क्र.सं.	कार्यालयको नाम	स्थान
१	कोशी प्रादेशिक कार्यालय	मुनालपथ, विराटनगर, मोरङ्ग
२	मधेश प्रदेश कार्यालय	श्रीपुर, विरगन्ज, पर्सा
३	बागमती प्रदेश कार्यालय	पारिजातपथ, हेटौडा, मकवानपुर
४	गण्डकी प्रदेश कार्यालय	पृथ्वीचोक, पोखरा, कास्की
५	लुम्बिनी प्रदेश कार्यालय	मिलन चोक, बुटवल, रुपन्देही
६	कर्णाली प्रदेश कार्यालय	चाईनापुल, विरेन्द्रनगर, सुर्खेत
७	सुदुरपश्चिम प्रदेश कार्यालय	चौराहा, धनगढी, कैलाली

ग.शाखा/उपशाखा/सेवा केन्द्र कार्यालय

क्र.सं.	कार्यालयको नाम र स्थान	क्र.सं.	कार्यालयको नाम र स्थान	क्र.सं.	कार्यालयको नाम र स्थान
१	विराटनगर, मोरङ्ग	२२	बर्दिवास, महोत्तरी	४३	विराटचोक, मोरङ्ग
२	विरगंज, पर्सा	२३	चार्वाहिल, काठमाण्डौं	४४	पृथ्वीचोक, कास्की
३	नारायणगढ, चितवन	२४	गोरंगु, काठमाण्डौं	४५	तुल्सीपुर, दाङ्ग
४	नेपालगंज, बांके	२५	हरिवन, सर्लाही	४६	कटारी, उदयपुर
५	धनगढी, कैलाली	२६	धरान, सुनसरी	४७	ओखलढुंगा, ओखलढुंगा
६	पोखरा, कास्की	२७	दमक, झापा	४८	प्युठान, प्युठान
७	बुटवल, रुपन्देही	२८	पर्सा, चितवन	४९	चन्द्रौटा, कपिलवस्तु
८	लाहान, सिरहा	२९	कावासोती, नवलपुर	५०	कंलकी, काठमाण्डौं
९	बिर्तामोड, झापा	३०	लम्की, कैलाली	५१	नर्या बानेश्वर, काठमाण्डौं
१०	हेटौंडा, मकवानपुर	३१	महेन्द्रनगर, कन्चनपुर	५२	कलैया, बारा
११	बनेपा, काभ्रेपलान्चोक	३२	गल्छी, धाँदिङ्ग	५३	परासी, परासी
१२	बाग्लुङ्ग ,बाग्लुङ्ग	३३	इलाम, इलाम	५४	जितपुर, कपिलवस्तु
१३	लगनखेल, ललितपुर	३४	सुर्खेत, सुर्खेत	५५	फिंदिम, पाँचथर
१४	दाङ्ग, घोराही	३५	जितपुर, बारा	५६	पाटन, बैतडी
१५	इटहरी, सुनसरी	३६	चरिकोट, दोलखा	५७	दार्चुला, दार्चुला
१६	मैरहवा, रुपन्देही	३७	मिर्चैया, सिरहा	५८	सेवा केन्द्र अत्तरिया, कैलाली
१७	जनकपुर, धनुषा	३८	हिले, धनकुटा	५९	सेवा केन्द्र भिमाद, तंनहु
१८	न्युरोड, काठमाण्डौं	३९	बट्टार, नुवाकोट	६०	तेस्रो पक्ष सेवा केन्द्र एकान्तकुना, काठमाण्डौं
१९	डडेल्धुरा, डडेल्धुरा	४०	तान्सेन, पाल्पा	६१	तेस्रो पक्ष सेवा केन्द्र इटहरी, सुनसरी
२०	सुर्यविनायक ,भक्तपुर	४१	स्याङ्गजा, स्याङ्गजा	६२	तेस्रो पक्ष सेवा केन्द्र कावासोती, नवलपुर
२१	आवुखैरनी, तनहुँ	४२	वेशिशहर, लमजुङ्ग	६३	तेस्रो पक्ष सेवा केन्द्र रुकुम, रुकुम

४) कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड प्रचलित कानून बमोजिम वि.सं. २००४ साल आश्विन ८ गते (कम्पनी स्थापना हुँदा नेपाल बीमा प्राधिकरण (साविक बीमा समिति) लगायत कम्पनी रजिष्ट्रारको कार्यालय स्थापना भई नसकेको र नेपाल बीमा प्राधिकरण (साविक बीमा समिति) तथा कम्पनी रजिष्ट्रारको कार्यालय स्थापना भए पश्चात् मात्र इजाजतपत्र लगायत कम्पनी दर्ता गरी कम्पनी अद्यावधिक गरिएको) स्थापना भई सोही मिति देखि कम्पनीले आफ्नो कारोबार संचालन गर्दै आइरहेको छ । यस कम्पनीका सञ्चालकहरु एवं संस्थापकहरुमा बैंकिङ्ग, बीमा, व्यापारिक प्रतिष्ठान, शैक्षिक प्रतिष्ठानहरुमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्ति एवं संस्थाहरु रहेका छन ।

यस कम्पनीका मुख्य उद्देश्यहरु :
बीमा ऐन, २०७९ तथा बीमा नियमावली, २०८१, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधीनमा रही विमकको रुपमा कारोबार गर्ने यस कम्पनीको मुख्य उद्देश्य देहाय बमोजिम हुनेछ ।
१. बीमा कानून (बीमा ऐन तथा नियमावली) अन्तर्गत सबै किसिमका निर्जीवन बीमा व्यवसाय गर्ने, गराउने,
२. दुर्घटनाको कारणले मृत्यु, शारीरिक चोटपटक, सम्पत्तिको नोक्सानी, दायित्व आदिको लागि निर्जीवन बीमा गर्ने, गराउने,
३. अन्य स्वदेशी, विदेशी बीमक तथा पुनर्बीमकसंग मिली सबै किसिमका निर्जीवन बीमा पूनर्बीमा गर्ने, गराउने,
४. पूनर्बीमाको व्यवसाय स्वदेश तथा विदेशमा समेत गर्ने र गराउने ,
५. व्यवसायको सिलसिलामा स्वदेश तथा विदेशमा बीमक, पूनर्बीमक, दलाल, बीमा अभिकर्ता, सर्भेयर र लस एडजष्टर, इन्भेष्टिगेटर, लस रिकभरर (Surveyor and Loss Adjustor, Investigator, Loss Recoverer) आदि नियुक्ति गर्ने गराउने,
६. बीमा पूनर्बीमा व्यवसायको लागि स्वदेश तथा विदेशी बीमक पुनर्बीमकको प्रतिनिधी भई काम गर्ने, गराउने,
७. पूँजी, बीमा, पूनर्बीमा व्यवसाय प्राप्त भएको रकम, लगानी प्रतिफल तथा अन्य आम्दानीबाट प्राप्त रकम बिभिन्न क्षेत्रमा लगानी गर्ने, गराउने,
८. राष्ट्रिय अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउने कृषि, औद्योगिक, पर्यटन, वित्तीय, हाउजिङ्ग आदि सम्बन्धी सहायक तथा अन्य कम्पनीको प्रबर्द्धन स्थापना व्यवस्थापन गर्ने र गराउने,
९. सामूहिक लगानी कोष योजना संचालन गर्ने र गराउने ।

५) शेयर पँजीको संरचना :

(क) अधिकृत पुँजी : यस कम्पनीको अधिकृत पुँजी रु.२,६०,००,००,०००/- (अक्षरेपी दुई अर्ब साठी करोड रुपैयाँ मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले २,६०,००,००० (दुई करोड साठी लाख) थान शेयरमा बिभाजन गरिएको छ ।

(ख) जारी पुँजी : यस कम्पनीको जारी पुँजी रु.२,५४,८५,७५,००७/- (अक्षरेपी दुई अर्ब चौवन्न करोड पचासी लाख पचहत्तर हजार सात मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले २,५४,८५,७५० ०७ (दुई करोड चौवन्न लाख पचासी हजार सात सय पचास दशमलब सात) थान शेयरमा बिभाजन गरिएको छ ।

(ग) चुक्ता पुँजी : यस कम्पनीको हाल चुक्ता पूँजी रु.१,८९,०८,७८,२३१/- (अक्षरुपी एक अर्ब उनान्नब्बे करोड आठ लाख अठहत्तर हजार दुई सय एकतीस रुपैयाँ मात्र) को ३४.७८३ प्रतिशत हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.२,५४,८५,७५,००७/- (अक्षरेपी दुई अर्ब चौवन्न करोड पचासी लाख पचहत्तर हजार सात मात्र) हुनेछ ।

कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पूँजीमा निम्न बमोजिम परिवर्तन भएको छ :

मिति	अधिकृत पुँजी (रु.)	जारी पुँजी (रु.)	चुक्ता पुँजी (रु.)
२०७१/०१/०३	५०,००,००,०००/–	३०,००,००,०००/–	२८,७६,०८,२००/–
२०७४/०७/०२	२,००,००,०००/–	६०,३९,७७,२२०/–	६०,३९,७७,२२०
२०७५/०३/१९	२,००,००,०००/–	१,०१,९१,०३,८६४/–	१,०१,९१,०३,८६४/–
२०७६/०७/१८	२,००,००,०००/–	१,०९,५५,३६,६५२.६९	१,०९,५५,३६,६५२.६९
२०७७/०४/१२	२,००,००,०००/–	१,१५,०३,१३,४८६/–	१,१५,०३,१३,४८६/–
२०७८/०२/२१	२,००,००,०००/–	१,२४,२३,३८,५६४/–	१,२४,२३,३८,५६४/–
२०७९/०३/२२	२,६०,००,०००/–	१,३७,८९,९५,८०७/–	१,३७,८९,९५,८०७/–
२०७९/१०/२०	२,६०,००,०००/–	१,४८,९३,१५,४७०/–	१,४७,९८,१७,७४६/–
२०८०/१०/१८	२,६०,००,०००/–	१,६४,४२,४१,९४०/–	१,६४,४२,४१,९४०/–
२०८१/०२/२५	२,६०,००,०००/–	२,३०,१९,३८,७१६/–	१,६४,४२,४१,९४०/–
२०८२/०२/२६	२,६०,००,०००/–	२,५४,८५,७५,००७/–	१,८९,०८,७८,२३१/–

६) हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूँजीको स्थिति :

यस विवरणपत्र मार्फत हकप्रद शेयर निष्काशन गर्नु पूर्व कम्पनीको चुक्ता पूँजीको स्थिति :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क)	संस्थापक शेयरधनीहरु	९,६४३,४७९.५६	५१%	९६४,३४७,९५६/–	शतप्रतिशत
ख)	सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)	९,२६५,३०२.७५	४९%	९२६,५३०,२७५/–	शतप्रतिशत
	जम्मा	**१८,९०८,७८२.३१**	**१००%**	**१,८९०,८७८,२३१/–**	

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको स्थिति :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क)	संस्थापक शेयरधनीहरु	१२,९९७,७३३.३२	५१%	१,२९९,७७३,३३२/–	शतप्रतिशत
ख)	सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)	१२,४८८,०१६.७५	४९%	१,२४८,८०१,६७५/–	शतप्रतिशत
	जम्मा	**२५,४८५,७५०.०७**	**१००%**	**२,५४८,५७५,००७/–**	

७) सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

सञ्चालकको परिचय

क्र.सं.	नाम तथा ठेगाना	पद	शैक्षिक योग्यता	व्यवसायिक अनुभव
१.	श्री चन्द्र सिंह साउद, धलाकांडा, बैतडी	अध्यक्ष	एम.वि.ए.	• नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडमा प्रमुख कार्यकारी अधिकृत सहित २० वर्षको कार्यानुभव भएको , • नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा ४ वर्ष प्रमुख कार्यकारी अधिकृत भई कार्य गरेको , • हाल चार्टर्ड क्यापिटल एण्ड इन्भेष्टमेन्ट लि. को अध्यक्ष पदमा कार्यरत ।
२.	श्री सविता श्रेष्ठ जोशी, का.म.न.पा १६ काठमाण्डौ	सञ्चालक	एम.वि.ए.	• १० वर्ष निमार्ण व्यवसाय सम्बन्धी कम्पनीमा बिक्री र विज्ञापनको मुख्य अधिकृत तथा १५ वर्ष सामाजिक विकास क्षेत्रमा परियोजना प्रबन्धक भई कार्य गरेको । ।
३.	श्री निशान्त जोगाई, भोटेबहाल, काठमाण्डौ	सञ्चालक	एम.वि.ए.	• साविकको स्वदेशी लघुवित्त वित्तिय संस्था लि.मा मिति २०७४/०५/२१ देखि मिति २०७७/१२/२४ सम्म सञ्चालक पदमा रहेको कार्यानुभव ।
४.	श्री सजल मास्के, काठमाण्डौ	सञ्चालक	स्नातक	• गणपति लघुवित्त वित्तिय संस्था लिमिटेडमा सञ्चालक भई १ वर्ष ८ महिना, • एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडमा २ वर्ष ४ महिना संचालक पदमा रहि कार्य गरेको ।
५.	श्री समता पन्त का.म.न.पा १६ काठमाण्डौ	सञ्चालक	एम.वि.एस.	• नेपाल बैंक लिमिटेडमा नायब प्रमुख कार्यकारी अधिकृतको पदमा कार्यरत, • साविकको आरएमडिसी लघुवित्त वित्तिय संस्था लि. हाल साना किसान विकास लघुवित्त वित्तिय संस्था लि.मा ६ वर्ष ३ महिना संचालक पदमा रहि कार्य गरेको ।
६.	श्री वीर विक्रम रायमाझी, हेपाली हाइट - ०७ काठमाण्डौ	स्वतन्त्र सञ्चालक	चार्टड एकाउन्टेण्ट	• नेपाल राष्ट्र बैंकमा २२ वर्ष कार्य गरी ड्रेपुटी गभर्नरबाट अवकाश प्राप्त, • साविकको युनाईटेड इन्स्योरेन्स कम्पनी नेपाल लि. र राष्ट्रिय बीमा कम्पनी लिमिटेडमा प्रमुख कार्यकारी अधिकृत भई ७ वर्ष कार्य गरेको ।

कम्पनीले पालना गर्नुपर्ने संस्थागत सुशासन सम्बन्धी निर्देशिका तथा संचालकहरुले पालना गर्नुपर्ने सम्पूर्ण व्यवस्थाहरुको पूर्ण पालना गरिएको उद्घोषण गर्दछौं

कम्पनीको प्रमुख कार्यकारी अधिकृतको विवरण : काठमाण्डौं जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १५ निवासी श्री वीरकृष्ण महर्जन, विगत २ वर्ष देखि कम्पनीको प्रमुख कार्यकारी अधिकृत पदमा बहाल रहेको । नेशनल इन्स्योरेन्स कम्पनी लि. मा ४ वर्ष, साविकको युनाईटेड इन्स्योरेन्स कम्पनी नेपाल लिमिटेडमा ७ वर्ष, साविकको पुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेडमा प्रमुख कार्यकारी अधिकृत भई १४ वर्ष गरी जम्मा २७ वर्ष कार्य गर्नुका साथै नेपाल पुनर्बीमा कम्पनी लि., साविक सुर्या लाईफ इन्स्योरेन्स कम्पनी लि.तथा स्वदेशी लघुवित्त वित्तिय संस्था लि. मा संचालक भई कार्यानुभव हासिल गर्न् भएको छ । निजले त्रिभुवन विश्व विद्यालयबाट एम.बि.ए., एल.एल.बि. र Insurance Institute of India, Mumbai बाट Fellowship Degree हासिल गर्नुभएको छ ।

८) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

१. हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना :
१) श्री नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम चुक्ता पूंजी कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।
२) कम्पनीको पूंजीगत योजना बमोजिमको पूंजी पुऱ्याउने उद्देश्य अनुरुप मिति २०८१/०२/०४ गते सम्पन्न विशेष साधारण सभाबाट प्रस्ताव पारित भई १०:४ को अनुपातमा १० शेयर बराबर नयाँ ४ कित्ता शेयर हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोमा कम्पनीको मिति २०८१/१२/१९ गते सम्पन्न ७६ औं वार्षिक साधारण सभाबाट कायम रहेको चुक्ता पूंजी रु.१,६४,४२,४१,९४०/- को १५ प्रतिशत बोनस शेयर पारित भई बोनस शेयर जारी गरे पश्चात हुने चुक्ता पूंजी अनुसार हकप्रद शेयर प्रतिशत समायोजन गरि चुक्ता पूंजी रु.१,८९,०८,७८,२३१/- को १०:३.४७८३ को अनुपातमा १० शेयर बराबर नयाँ ३.४७८३ कित्ता हकप्रद शेयर निष्काशन गरी सोही बमोजिम पूंजी संकलन गर्न ।
३) कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूंजी संकलन गर्न ।
४) कम्पनीको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि कम्पनीको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूंजी जुटाउन ।
५) कम्पनीको पूंजी आधारलाई मजबुत तुल्याइ राख्न ।

९) कम्पनीको सञ्चालक समिति तथा बैठक :

कम्पनीको नियमावलीको नियम ८ (२) (संसोधन सहित) मा भएको व्यवस्था अनुसार छ (६) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम रहेको छ ।

समूह	संचालक संख्या
"क" समूहका संस्थापक शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने शेयरधनीहरु	३ जना
"ख" समूहका सर्वसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने शेयरधनीहरु	२ जना
स्वतन्त्र सञ्चालक	१ जना
जम्मा	**६ जना**

कम्पनी ऐन, २०६३ को दफा ८६ (२) बमोजिम कम्पनीको संचालक समितिमा १ जना महिला संचालकको व्यवस्था गरिएको छ ।

संचालकहरुको कार्यकाल ४ वर्षको रहेको छ ।

कम्पनीको नियमावलीको नियम १३ मा भएको व्यवस्था अनुसार सञ्चालक पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालक र स्वतन्त्र संचालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

१०) निष्काशन गरिने हकप्रद शेयरको सङ्ख्या तथा त्यसको अनुपातः

यस विवरणपत्र मार्फत चुक्ता पूँजी रु.१,८९,०८,७८,२३१/- को १०:३.४७८३ को अनुपातमा अर्थात विद्यमान १० कित्ता शेयर बराबर नयाँ ३.४७८३ कित्ता शेयर प्रति शेयर रु.१००/- अंकित दरका कूल ६५,७६,९६७.७६ कित्ता साधारण शेयरहरुको लागि हकप्रद शेयर निष्काशन गरिनेछ ।

११) लिनुपर्ने न्यूनतम शेयर सङ्ख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकमः

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्काशन पूर्व संचालक समितिको निर्णय अनुसार सार्वजनिक सूचना प्रकाशन गरी शेयरको दर्ता किताब बन्द गरिएको मिति भन्दा अघिल्लो दिन सम्ममा शेयर खरिद गरी कायम भएका साविकका शेयरधनीहरुले मात्र आफ्नो नाममा कायम रहेको साधारण शेयरको १० कित्ता शेयर बराबर नयाँ ३.४७८३ कित्ता शेयर अर्थात १०:३.४७८३ को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सकेछन् । यस विवरणपत्र मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम शेयर खरिद गर्न आवेदन दिन सक्नेछन र यसरी आफ्नो हक भन्दा कम शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

१२) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" तथा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले तोके बमोजिम धारपर्शी तरिकाले शिलबन्दी बोलपत्र मार्फत लिलाम बढाबढ गरी बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ । लिलाम बढाबढ गर्दा सबै शेयर खरिदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँड गर्नुपर्ने र बाँकी शेयर पुनः लिलाम बढाबढ गरिनेछ ।

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २१ मा रहेको व्यवस्था
लिलाम बढाबढ गर्नु पर्ने:
(१) हकप्रद शेयर बिक्रीको लागि खुला गरिएको अवधिभित्र सम्पूर्ण शेयर बिक्री हुन नसकी बाँकी रहन गएमा त्यसरी बाँकी रहेको शेयर सम्बन्धित संगठित संस्थाले बाँडफाँड भएको सात दिन भित्र लिलाम बढाबढका लागि सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड
NEPAL INSURANCE COMPANY LIMITED

रजिष्टर्ड कार्यालय : का.म.न.पा. २८, कमलादी, काठमाण्डौ ।
पो.ब.नं.३६२३, फोन नं.: +५७७ १ -५३२१३५३, ५३४५५६५
Email: nic@nepalinsurance.com.np Website: www.nepalinsurance.com.np

को
(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)
१० कित्ता साधारण शेयर बराबर नयाँ ३.४७८३ कित्ता साधारण शेयरको

हकप्रद निष्काशन बारेको सूचना

कम्पनीको हाल कायम चुक्ता पुँजी रु.१,८५,०८,७८,२३१/– को १० शेयर बराबर नयाँ ३.४७८३ शेयर (१०:३.४७८३) को अनुपातमा रु. १०० अङ्कित दरका ६५,७६,५६७.७६ कित्ता हकप्रद शेयर मिति २०८२/०२/३० गते भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गरिएको ।

'हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू'

(२) उपनियम (१) बमोजिम लिलाम बढाबढको सूचना दिंदा बोलकबोलका लागि बढीमा पन्ध्र दिनको सूचना प्रकाशित गर्नु पर्नेछ ।
(३) उपनियम (२) बमोजिम बोलकबोलको अवधि समाप्त भएको सात कार्य दिनभित्र लिलाम बढाबढ गरी बाँडफाँड गर्नु पर्नेछ ।
(४) उपनियम (३) बमोजिम बाँडफाँड भएको सात कार्य दिन भित्र सम्बन्धित लगानीकर्तालाई बाँडफाँड पत्र सहित रकम फिर्ता भूक्तानी गरिसक्नु पर्नेछ ।
(५) उपनियम (३) बमोजिम लिलाम बढाबढमा सबै शेयर बिक्री नभएमा बोर्डलाई जानकारी गराई उपनियम (४) बमोजिम फिर्ता भूक्तानी सम्पन्न भएको सात दिन भित्र पुनः लिलाम बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछ ।

धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा १५ मा रहेको व्यवस्था
हकप्रद शेयर लिलाम बढाबढ गर्ने प्रकिया :
(१) हकप्रद शेयर खुला अवधिमा सम्पूर्ण शेयर बिक्री नभई बांकी रहन गएमा त्यसरी बांकी रहेको शेयरहरु निष्काशन तथा बिक्री प्रवन्धक मार्फत बोर्डलाई जानकारी गराई लिलाम बढाबढमा बिक्री गर्नु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गर्नु पर्नेछ ।
(३) उपदफा (१) बमोजिम लिलाम प्रक्रिया गर्दा देहायका अवस्थाहरु पूरा गर्नु पर्नेछ :
(क) सबै समूहको (संस्थापक, सर्वसाधारण र अन्य) लिलाम प्रक्रिया एकै पटक गर्नुपर्ने,
(ख) अङ्कित मूल्यमा बढाबढ गर्नुपर्ने,
(ग) हकप्रद शेयर लिलाम बढाबढबाट बिक्री गर्ने सम्बन्धी सूचना बिक्री खुला हुनु भन्दा कम्तीमा सात दिन अगाडि कुनै दुईवटा राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गर्नुपर्ने,
(घ) खण्ड (ग) बमोजिम प्रकाशित सूचनाको संक्षिप्त विवरण (बिक्री गर्न लागिएको शेयर संख्या, न्यूनतम मूल्य, कम्पनीको नाम र विस्तृत विवरण प्रकाशन गरिएको पत्रिकाको नाम तथा प्रकाशित मिति) समावेश भएको सूचना देहाय बमोजिम प्रकाशन गर्नुपर्ने :-
१. बिक्री खुला हुनुभन्दा तीन दिन अगाडि : कम्तीमा दुईवटा प्रमुख अनलाईन पत्रिकामा,
२. बिक्री खुला हुनुभन्दा दुई दिन अगाडि : कम्तीमा दुईवटा प्रमुख एफएम रेडियामा,
३. बिक्री खुला हुनुभन्दा एक दिन अगाडि : कम्तीमा दुईवटा प्रमुख राष्ट्रिय आर्थिक पत्रिकामा,
(ङ) खण्ड (घ) बमोजिम प्रकाशित सूचना निष्काशन तथा बिक्री प्रवन्धक र सम्बन्धित कम्पनीको वेबसाइटमा राख्नु पर्ने,
(च) लिलाम बढाबढको दरखास्त लिने अवधि कम्तीमा सात कार्य दिन राख्नु पर्ने,
(छ) लिलाम बढाबढ गर्दा लिलाम सम्बन्धी सामान्य सिद्धान्त अनुशरण गर्नु पर्ने,
(ज) लिलाम बढाबढ गर्दा सबै शेयर खरिदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँड गर्नु पर्ने र बाँकी शेयर पुनः लिलाम बढाबढ गर्नु पर्ने,
(झ) लिलाम बढाबढमा शेयर खरिदका लागि दरखास्त दिने आवेदकले फिर्ता भुक्तानी पाउने रकम फिर्ता गर्ने कार्य तीन दिन भित्र शुरु गर्नु पर्ने,
(ञ) लिलाम बढाबढ गरिएका शेयरका सम्बन्धमा विस्तृत विवरण सहित उक्त लिलामबाट प्राप्त हुने रकम मध्ये बोर्डमा धितोपत्र दर्ता गर्दा उल्लेखित रकम भन्दा बढी भएको रकमको नियमावलीको व्यवस्था बमोजिम थप दर्ता शुल्क सात कार्य दिन भित्र बुझाउनुपर्ने ।

१३) हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा शेयर खण्डित (Fraction Share) हुन आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बांकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँड गरिनेछ । यदि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई कम्पनीको संचाल